# दक्षिणकाली नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं. : २०८१/०८२ मिति : २०८१/०४/२२

च.नं. : १२५

विषय : ध्यानाकर्षण सम्बन्धमा ।

श्री काठमाडौं उपत्यका खानेपानी लिमिटेड,
त्रिपुरेश्वर, काठमाडौं ।

उपरोक्त सम्बन्धमा यस दक्षिणकाली नगरपालिकाको वडा नं. ३ स्थित कुटुरी मुलबाट छिमेकी ललितपुर महानगरपालिकामा यस नगरपालिकासँगको समन्वय र स्वीकृति बेगर खानेपानी वितरण गर्नका लागि कुटुरी मूल संरक्षण तथा पानी वृद्धि आयोजनाको भौतिक निर्माण तथा वितरणका लागि मिति २०८१/०४/१८ गते उद्घाटन समेत गरिएको प्रति यस कार्यालयको गम्भिर ध्यानाकर्षण भएको छ ।

उक्त कार्यले यहाँका स्थानीय जनतालाई स्वच्छ खानेपानीको अभाव तथा खेतबारीमा सिंचाई गर्न कठिनाई हुने हुँदा उद्घाटन गरिएको शिलालेख तुरुन्त हटाउनुहुन र उक्त कुटुरी मूल संरक्षण तथा पानी वृद्धि आयोजनाबाट पानी वितरणको कार्य नगर्नु/नगराउनुहुन जानकारी गराइन्छ ।

२०८१/०४/२२

.....................
(मोहन बस्नेत)
नगर प्रमुख

बोधार्थः
श्री ललितपुर महानगरपालिका, पुल्चोक, ललितपुर ।
श्री काठमाडौं उपत्यका खानेपानी लिमिटेड, जावलाखेल शाखा, ललितपुर ।
श्री ३ नं. वडा कार्यालय, भन्ज्याङ, काठमाडौं ।